# राप्ती नगरपालिका

नगर कार्यपालिकाको कार्यलय

हर्दि, भण्डरा चितवन

# लेखा समितिको प्रतिवेदन

## आ.व.२०७५/२०७६

# राप्ती नगरपालिका

## नगर कार्यपालिकाको कार्यलय

हर्दि,भण्डारा,चितवन

**लेखा समितिको प्रतिवेदनः**

अध्यक्ष महोदय,प्रमुखअतिथिज्यू,अतिथिज्यूहरु र मानानीय सदस्यज्यूहरु :

राप्ती नगरपालिका हर्दि भण्डारा चितवनको शासन ब्यवस्थालाई थप जनमुखि सेवामुखि जनउत्तरदायि र पारदर्शी तुल्याई सुशासनको प्रत्यभुति दिलाउने सर्न्दभमा स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ५दफा २२मा नगर सभाले नियमावली बनाई आफनो कार्यप्रणालिलाई ब्यवस्थित गर्न कुनै सदस्यको संयोजक्त्वमा लेखा समिति गठन गर्न सक्ने प्रावधान भए बमोजिम यस नगर पालिकाको तेस्राो नगर सभा मिति २०७५असार ११ गतेको निर्णय बमोजिम लेखा समिति गठन भइ राप्ती नगरपालिकाको आ.ब.२०७३/२०७४ र आ.ब.२०७४/२०७५ को लेखा परिक्षण प्रतिवेदन,वडा कार्यलयहरु, शाखाकार्यलयहरुबाट प्राप्त सुचना, जानकारी प्रमाणहरुको आधारमा यो प्रतिवेदन प्रस्तुत गर्न चाहान्छु ।

**सबल पक्ष :**

स्थानिय तहको निर्बाचन पछि नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको ब्यवस्था भई सिहदरबारको अधिकार घर घरमा पुरयाउन,जनताका आवजहरुलिइ सेवा, सुबिधा, छिटो, छरितो, सरल, सहज बनाउन प्रयात्नशिल हुनु ।नगरपालिकामा कर्माचारीहरुको दरबन्दी कोटा थप गरी करिव ९५ प्रतिशत विकास बजेट खर्च गर्न सफलता हुनु । आर्थिक ब्यवस्थापनमा कम्प्युटर सफटवेयर ,कार्यलय ब्यवस्थापन,स्तरिय वडा कार्यलयहरु निर्माण गर्न सक्नु, अनुगमन मुल्याङकन जस्ता कार्यहरु यस नगरपालिकाको सबल पक्ष रहेका छन ।

**कम्जोर पक्ष :**

नगरपालिकाले कार्यलय ब्यवस्थापन गर्न आफनै भवन नहुनु,बिकास बजेट, सेवासुविधा बितरणमा ढिला सुस्ति आलटाल गरी शत प्रतिशत बिकास बजेट खर्च गर्न नसक्नु,जस्ता कम्जोरिहरु जनगुनासाो र ब्यवाहारहरुबाट देखापरेको छ । पहाडी भेगमा पर्ने वडाहरु

कोराक ,लोथर भौगोलिक बिकट, टाढा दुरी ,यातयातको सुबिधा नभएकोले बिकास बजेट सचालन ,एकीकृत सम्पति कर बुझाउने जस्ता कार्यहरु साथै अन्य सेवा सुबिधाहरु धेरै महङगो पर्न गएको छ ।साथै नगरपालिका भित्रका सबै उघोग ब्यवसायहरुलाई करको दायर भित्र ल्यउन नसक्नु । स्थानिय सरकार संञ्चालन ऐन २०७४को दफा ६६ बमोजिम गठित स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले अनुमान गरिएको भन्दा रु१,००,६९,९०५।घटी आम्दानी हुनु नै यस नगरपालिकाको कम्जोर पक्ष मानिन्छ ।

**अबसरहरुः**

राप्ती नगरपालिका भौगोलिक विविधताको कारण कृषिमा विविधिकरण गर्न सक्ने,नगरपलिकाको उत्तरी पहाडी क्षेत्र मौसमी बेमौसमी तरकारी खेति,बाख्रापालन कुखुरापालन,माहुरीपालन,फलफुल तथा जडीबुटी खेति अर्गानिक खेति प्रणालिको निम्ति उपयुक्त हुनु,र समथर भुभाग विभिन्न खाघबाली उत्पादन तरकारी खेति,मत्स्यपालन,पसु पालन,कुखुरापालन,फलफूलखेतिको निम्ति उपयूक्त वातवरण रहेको र पुर्व पश्चिम लोकमार्ग यसै नगरपालिका भएर जाने, लोथर राप्ती जस्ता नदीनालाहरु,विभिन्न सामुदायिक वनहरु,साथै चितवन राष्टिय निरकुञ्जा १९६५मि.उचाइमा,कमिनचुलिको डाँडा,नोक गुफा साथै सयौ प्रकारका बनस्पति र बन्यजन्तुहरु पाइने भएको हुदा यस नगरपालिकाको बिकासको निम्ति अवसरको रुपमा लिन सकिन्छ ।

**चुनौतीहरुः**

राप्ती नगरपालिकाको उत्तरी पहाडी क्षेत्र पहुँचको हिसाबले बिकट,पटक पटक आइरहने बाढी पहिरो,खेतियोग्य जमिनको कमि,कृषि उत्पादनमा उपयुक्त,बजार ब्यवस्थापनमा अभाब,सडक,यातयात,खानेपानी,बिधुत,सिंचाइको समस्या,अब्यवस्थित बसोवास,सामुदायिक बिघालयहरुमा स्रोत र दक्ष जनशक्तिको अभाव,शिक्षाको गुणस्तरमा कमी, साथै समथर भागमा जमिनको खण्डिकरण जंगली जनावरबाट पुर्याउने क्षति, प्राकृतिक स्रोतहरुको दोहन,रासयनिक मल र विषादिको अधिक प्रयोग साथै राप्ती र लोथरखोलाले पुर्याउने क्षति यस नगरपालिकाको विकासका निम्त चुनौती रहेका छन ।

अध्यक्ष महोदय,

अब म लेखा समितिको प्रतिवेदनलाई संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहान्छु ।

- राप्ती नगरपालिका हर्दि भण्डारा चितवनको आ.ब.२०७५/२०७६को नगर सभाबाट स्विकृत वार्षिक बजेट तथा कार्यक्रमले ९५प्रतिशत काम सम्पन्न भएको छ ।शत प्रतिशत कार्य सम्पन्न गर्न समयमा नै नियमनुसार प्राविधिक

स्टिमेट,योजना सम्झौता,अनुगमन मुल्याङकन् र नियमअनुसार भुक्तानीको व्यवस्था मिलाउनु पर्दछ ।

- यस राप्ती नगरपालिकाले आ.व.२०७४।२०७५मा आन्तरिक आय तर्फ रु ३,००,००,०००।अनुमानगरेकोमा रु१,९९,३०,०९५।८२ मत्रा उठाएको छ ।अनुमान गरेको भन्दा रु१,००,६९,९०५। घटि अम्दानी गरेकोमा आम्दानी फरक हुनुको कारणको सम्वन्धमा नगरपालिकाले आयका स्रोत पहिचान गरी लक्षहासिल गर्ने तर्फ प्रयत्न गर्नु पर्दछ ।
- राप्ती नगरपालिका हर्दि भण्डारा चितवनको बार्षिक बजेटमा उल्लेखित कार्यक्रमहरु तर्जुमा गर्दा स्थानिय आवश्यकताको पहिचान,स्रोतको उपलब्धताको आंकलन,आर्थिक संवृद्धिको लक्षहरुको पहिचान,दिगो विकास लक्षहरुको पहिचान जनसहभागितात्मक योजना छनौट प्रणालिका पद्धतिहरु अवलम्वन गरी वार्षिक नीति तथा कार्यक्रमहरु तय गरिएको पाइएको छ । उक्त कार्यक्रमहरुलाइ सफलतामा पुर्याउन यस नगरपालिकाले लिइएको उदेश्य संवृद्ध राप्ती नगरपालिकाको आधार,कृषि,पर्यटन र पुर्वाधारलाइ पहिलो प्राथमिकता राखि काम गर्ने ईच्छा शक्ति राख्नु पर्दछ ।
- यस राप्ती नगरपालिका अर्न्तगतका १देखि१३ वटै वडा कार्यलयहरुबाट संचालित कार्यक्रमहरु ९०प्रतिशत सम्पन्न भएको पइएको छ ।उक्त कार्यलयहरुको आन्तरिक स्रोत सम्बन्धमा वडा कार्यलयहरुले घटना दर्ता ,सिफारिस सुल्क, अन्य सुल्क आदि संकलन गरी राप्ती नगरपालकिाको कार्यलयमा जम्मा गरिएको पाइयो । साथै केहि वडा कार्यलयहरु बाहेक बाकी वडा कार्यलयहरुले बार्षिक रुपमा समिक्षा,खर्च सार्वजानिक समेत नगरिएको हुदा त्यस तर्फ सचेत हुनुपर्ने देखिन्छ ।
- राप्ती नगरपालिका हर्दि भण्डारा चितवनको स्विकृत कार्यक्रम अनुसार खेलकुद बिकास समिति र पर्यटन विकास समिति जस्तो महत्वपुर्ण समिति गठन नभएकोले त्यस तर्फ ध्यानकेन्द्रित हुनुपर्ने छ ।
- स्थानिय सरकार संचालन ऐन २०७४को दफा ७३ बमोजिम सभावाट वजेट स्विकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने ब्यवस्था छ । प्रमुख प्रशासकिय अधिकृतले १५दिन भित्र सम्बन्धित महाशााखा वा शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानुन बमोजिम खर्च गर्ने अख्तियारी दिनु पर्ने ब्यवस्था छ । अख्तियारी प्रप्त भएको रकम स्विकृत वजेटको परिधि भित्र रही प्रचलित कानुन बमोजिम खर्च गर्ने,लेखा राख्ने वा

राख्न लगाउने,लेखापरिक्षण गराउने,बेरुजु फछ्यौट गर्ने समेतको लेखासमन्धि सम्पुर्ण उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने व्यवस्था छ । तर यस नगरपालिकामा सोही अनुसारको कार्य नभएको भनि म. ले. प. ले पनि औल्याएको हुदा उक्त कार्य स्थानिय सरकार संचालन ऐन २०७४को दफा ७३ बमोजिम गर्न गम्भिर हुनु पर्ने देखिन्छ ।

- स्थानिय सरकार संचालन ऐन२०७४मा उपप्रमुखखको संयोजकमा योजना अनुगमन समिति गठन गर्ने व्यवस्था छ । यस राप्ती नगरपालिका हर्दि भण्डारा,चितवनको योजना अनुगमन समितिको प्रतिवेदन फारममा वडा स्तरीय अनुगमन समितिको अनुगमन र राय वडा कार्यलय प्रयोजनको लागि तयार पारिएको प्रतिवेदन फाराममा अनुसुचि समेत लेखिएको पइएन ।यस कारण नियम अनुसार मान्न सकिन्छ वा सकिदैन नगरसभा समक्ष प्रस्टपार्नु पर्दछ ।
- सरकारी कार्यलयमा प्राप्त हुने जुनसुकै प्रकारको आम्दानी बुझिलिदा म.ले.प.फा.न.११नगदी रसिद प्रयोग गरी बुझि लिनु पर्ने र प्राप्त भएको रकम बैंक दाखिला गर्नु पर्ने कानुनी व्यवस्था छ ।यस नगरपालिकाको १३ नं.वडा कार्यलयमा राजश्व बुझ्ने कर्मचारीले विभिन्न कामको सिफारिस गरे वापत प्रप्त गरेको रकमको नाम र रकम मात्र टिपोट गरी आम्दानी देखाइएको पाइएको हुदा अनिवार्य नगदी रसिद प्रयोग गर्ने तर्फ गम्भिर हुनुपर्ने देखिन्छ ।
- उपभोक्ता समिति मार्फत गराउने कार्यको लागत अनुमान तयार गर्दा कम गरिने स्थान, प्राविधिक नाँपजाच र एकिन गर्नुपर्ने कानुनी व्यवस्था छ । यस नगरपालिकाको केहि योजनाहरुको कार्यमा एउटै परिमाण अइटम दर राखि सम्झौता भएको छ । कामको स्थान अनुसार आवश्यक परिमाणको अनुमान गरी लागत अनुमान यथार्थ कार्यपरिमाणको आधारमा गर्नु पर्नेमा एउटै डिजाएनबाट फरक फरक क्षेत्रको कामलाई एउटै लागत अनुमान खर्च गराइएको पाईएकोले बास्तविक रुपबाट काम गर्नु पर्ने देखिन्छ ।(सि.न.५.२ भौ.न.२११)
- बैठक भत्ता कार्यसंचालन निर्देशिका २०७३ को परिच्छेद ७ मा खर्चको मापदण्डा सम्बन्धि निर्णय तथा कार्यबिधि ७.१.१ मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी,कर्माचारी मात्र बस्ने बैठकमा बैठक भत्ता प्रदान नगर्ने उल्लेख भएकोमा बिभिन्न मितिमा नगरपालिकाको कर्माचारीहरुमात्र सहभागी गराई बैठक भत्ता रकम खर्च गरेको कार्य नियमित देखिएन ।सि.न.२२

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम ठेक्का प्याकेज तयार गर्दा र उपभोक्ता समिति बाट काम गराउदा उपभोक्ता समितिबाट काम हुने वा नहुने एकिन गरी स्थान समेत एकिन गर्नुपर्ने ब्यवस्थ छ ।नगर पालिकाको विभिन्न वडामा विधुतिबकरण कार्य गर्न उपभोक्ता समितिसंग सम्झौता गरेको आधारमा बिधुतियकरणको जिन्सी मालसामन प्राप्त गर्न नेपाल विधुतप्राधिकरणको नाममा पेश्की नजानाई लागत अनुमानकै आधारमा विधुत प्राधिकरणको नगदी रसिदको आधारमा कार्य सम्पन्न गरेको देखाएको भएता पनि प्राधिकरणले खरिद गरेका सामनको विवरण र कर विजक वेगर एक निकाएको रकम अर्को निकाएले प्रयोग गरी खरिदको विवरण समावेस नगरी कार्य सम्पन्न देखाएकोले वास्तविक खर्चको एकिन गर्नु पर्दछ ।सि.न.५.५
- किसानको लागि अनुदान किसानकै खातामा भन्ने नेपाल सरकारको नीति रहेको छ ।यस नगरपालिकाको कृषि शाखाले ७५ प्रतिशत नेपाल सरकारको अनुदान र २५ प्रतिशत कृषकको दायित्व अर्न्तरगत मौरीघार वितरण कार्यक्रममा फरक फरक किसानबाट एउटै ढाँचामा मन्जुरी लिइ रु ४,५०,०००। मिति २०७५।३।२१ मा नेपाल वि कन्सर्नलाई भुक्तानी गरेको देखियो ।नेपाल सरकारले ल्याएको आर्थिक सुधार कार्यक्रम इट्रान्सफर भुक्तानी पाउने जो हो उसैको नाउमा AC payee भुक्तानी नगरी भुक्तानी दिनु सिद्धान्त बिपरिद  देखिन्छ ।

## असुल उपर गर्नुपर्ने बेरुजुहरु.......

१. विरेन्द्र आदर्श उ.मा.वि. चितवनका राहत शिक्षक तिर्थराज थपलिय २०७३।९।३ देखि रजिनमा लिइ सेवाबाट अलग भएको र निजको स्थानमा २०७४।१०।७ देखि खेमराज तिवारी नियुक्ति भएकोले दोस्रो चौमासिक पुरै निकास दिइएको बढी रकम रु ५०,४८२। बेरुजु खातामा दाखिला हुनुपर्दछ ।(सि.न.१६.२)

२. सामाजिक सुरक्षा भत्ता वितरणकार्यक्रममा श्री राजेन्द्र मैनाली र चेतनाथ थपलियाले पेश्कि लिइ सामाजिक सुरक्षा भत्ता वितरण गरी पेश्की फछ्र्यौट गरेकोमा एम.आइ.यस.नम्बर २०३३०४१००४४८ का फुलमाया प्रजालाई दुबै जनाले सामाजिक सुरक्षा भत्ता वितरण वापतको रकम रु४,०००।असुल हुनु पर्दछ ।(सि.न.२१)

३. आयकर ऐन २०५८ को दफा ८८ अनुसार सबै प्रकारको भत्तामा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नु पर्ने प्रावधान रहेकोमा यस नगरपालिकामा १ प्रतिशतका दरले

मात्र कर कट्टी गरी भुक्तानी गरिएको कर रकम रु ५०,३३५। संघिय संचित कोषमा दाखिला हुनुपर्दछ ।(सि.न.२३)

४. नगरपालिकाको वार्ड न ५मा बिधुत पोलहरुमा बत्ती जडान वापत उपभोत्ता समितिलाई रु १,५०,०००।भुक्तानी गरिएकोमा प्राविधिक मूल्याङकन एवं कार्य सम्पन्न रु १,०९,४१८। भएवाट मूल्याङकन भन्दा बढी रकम रु ४०,५८२।असुल हुनु पर्दछ। (सि.न.३४)

५. मेशिनरी औजार ल्यापटप खरिद वापत सीजलकम्प्युटर(मु.अ.कर न.६०३८९०६७७)लाई रु २,२१,५००। भुक्तानी गरिएकोमा आपुर्तकले जारी गरेको कर विजकमा विजक नम्बर नभएको विजक जारी गरेकोले निजलाइ भुक्तानी गरेको मु.अ.कर रु २५,४८२। असुल हुनु पर्दछ ।(सि.न.३६)

६. बुद्धशान्ती माध्यमिक विद्यालयमा संचालित कृषि तर्फका प्राविधिक प्रशिक्षक २ जनालाई १क बर्षको तलब चाडवाड खर्च महंगी भत्ता समेत कुल रु ८,७४,००००। र सहायक प्रशिक्षक २ जनालाई १ बर्षको तलब चाडबाड खर्च महगी भत्ता र १० महिनाको प्राविधिक भत्ता समेत रु ७,,१०,०००। गरी कुल रु १५,८४,०००। खर्च लेख्नु पर्नेमा रु १६,०२,०००वढी खर्च लेखेकोले रु १८,०००।असुल उपर गर्नुपर्दछ ।(सि.न.४५)

७. गर्भवती महिला पोषण कार्यक्रम संचालन गरी रु १,००,०००।खर्च भुत्तानी लेखेकोमा संलग्न कागजात अनुसार ४५ जना गर्भवति महिलाहरुलाई फ्ुल,हर्लिक्स,ग्लुकोज र फलफुल वितरण गरी खर्च लेखेकोमा वितरण गरेको भर्पाई संख्या अस्पातलको मुल दर्तामा इन्द्री भएका कार्ड नम्वर अनुसार गोश्वरा भौचर नम्वर ८०३र८०६ मिति २०७५।३।७ वाट एकै ब्यक्ती विमला तामाङ(मुल दर्ता नम्वर ८९८४ र कमला खनाल मुल दर्ता नम्वर ११९८८ ले दुवै कार्यक्रमबाट रु२५००।का दरले रु५०००। भुत्तानि लिइएको देखिएकोले दोहोरो भुक्तानि भएको रकम रु ५०००। असुल हुनु पर्दछ ।(सि.न.५२)

८. आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम पेश्कि फछ्यौट हुनु पर्दछ ।यस नगरपालिकामा कार्यरत टिकाराम भुसालको नाममा रहेको विपद सामन खरिद समन्धी पेश्की रु ४,७५,०००। आर्थिक बर्षाको अन्त्य सम्म पनि असुल फछ्यौट नभएकोले असुल फछ्यौट हुनु पर्दछ । सि.न.५९

९. आन्तरिक लेखापरिक्षणको क्रममा राजश्व सम्बन्धि स्रेस्ता परिक्षण हुदा बिभिन्न वडाहरुबाट नगदी रसिद वापद प्रप्त रकम रु३२,१८७९३ असुल गरी दाखिला हुनु पर्दछ ।सि.न.६९

१०.वार्ड नम्बर १० को कार्यलय भवन निर्माण(उपभोत्ता समिति)को लगत इस्टिमेट २८,४७,४००। मध्ये नगरपालिकाबाट रु२५,००,०००।र उपभोत्ता श्रमदान बाट रु३,२७,४००।हुने गरी सम्झौता भएकोमा रु१८,३२,०००। र चालु तर्फको रु ६,६८,०००। समेत रु २५,००,०००।भुक्तानी खर्च भएकोमा प्राविधिक मुल्याङकन अनुसार रु२५,६६,४४८। को ८८.४२ प्रतिशतले रु२२,६९,२८८।मात्र भुक्तानि दिनु पर्नेमा बढी भुक्तानी भएको रकम रु२,३०,७११।असुल हुनु पर्दछ । सि.न.४१

११. गत आ.व.२०७३।२०७४को बेरुजु १,८४,०२,९४७।९० मध्ये कायलयले फछ्यौट गरी समपरिक्षणको लागि पेश गरेकोमा रु ७४,७१,३८२।९० फरछ्यौट भइ आएको र बाकी ४३,३६,३०७। फरछ्यौट हुन बाँकी देखिन्छ ।

अन्त्यमाः महालेखापरिक्षणको कार्यलयबाट स्वीकृत ब्यवस्थापकिय पक्ष, बित्तिय ब्यवस्थापन, सेवा प्रवाह, खरिद ब्यवस्थापन, बिकास निर्माणका २० सुचकहरुको आधारमा स्वीकृत गरेको कार्यलय निकायको बित्तिय जवाफदेहिता मुल्याङकन गरिएकोमा यस कायलको बित्तिय जवाफदेहिता मुल्याङकन ६० प्रतिशत हुन आएकोले कार्यलयले आगमी दिनमा बित्तिय जवाफदेहितामा थप प्रयत्न गर्नुपर्दछ । धन्यबाद ।

समाप्त

| संयोजक | सदस्य | सदस्य |
|---|---|---|
| श्रीःईन्द्र बहादुर तामाङ | श्रीःपुर्ण प्रसाद आचर्य | श्रीःमायानाथ सेढाई |